वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
Lawyers forum for human rights and rule of law

२०७८ पौष १ गते

प्रेश वक्तब्य

## अदालतको स्वागतयोग्य फैसला

## संक्रमणकालिन न्यायका संरचना प्रभावकारी नबनाएसम्म द्वन्द्वकालिन घटनामा नियमित फौजदारी न्याय प्रणाली अवरुद्ध हुदैन भन्ने बलियो सन्देश !

दैलेखका पत्रकार डेकेन्द्रराज थापाको द्वन्द्वकालिन कर्तब्य ज्यान मुद्दामा हालै दैलेख जिल्ला अदालतले गरेको फैसलाको एड्भोकेसी फोरम नेपाल स्वागत गर्दछ ।

दैलेख जिल्ला अदालतले मुख्य अभियुक्त अरुण भनिने बम बहादुर खड्का सहित अन्य तीन जना फरारी अभियुक्तका हकमा अन्तिम फैसला सुनाएको छ । जिल्ला न्यायाधीश दण्डपाणी लामिछानेको इजलासले ०७८ मंसिर २६ गते गरेको फैसला अनुसार मुख्य अभियुक्त अरुण भन्ने बम बहादुर खड्का, मुक्ति भन्ने बम बहादुर खड्का र केशव खड्कालाई २० बर्ष कैद सजाय सुनाईएको छ । घटना बिवरण अनुसार पत्रकार डेकेन्द्र थापाको हत्या गरि गाड्ने कार्यमा अरुण भन्ने बम बहादुर खड्का प्रत्यक्ष संलग्न थिए । मुक्ति भन्ने बम बहादुर खड्का र केशव खड्का अझै फरारी छन् । यस्तै घटनामा संलग्न अर्का फरारी अभियुक्त भक्तिराम लामिछानेलाई अपराधमा सहयोग गरेको निश्कर्ष सहित अदालतले ३ बर्षको कैद सजाय तोकेको छ । अदालतको फैसला कार्यान्वयन गर्दै घटनामा प्रत्यक्ष संलग्न भनिएका फरारीहरुलाई पक्राउ गरि कानूनी दायरामा ल्याउन एडभोकेसी फोरम नेपाल सम्बन्धित निकायसमक्ष जोडदार माग गर्दछ ।

डेकेन्दको शव  मिति २०६५/०३/११ मा दैलेखको द्वारी गाबिस वडा नं १ बाट उत्खनन गरिएको थियो । त्यस पछि डेकेन्द्रकी श्रीमती लक्ष्मी थापाले यस मुद्दामा अनुसन्धान अगाडी बढाउन जाहेरी दर्ता गराउनु भएको थियो । लामो समयसम्म पनि जाहेरी उपर कुनै अनुसन्धान नभए पछि मिति २०६९ मंसिर २७ गते पुनरावेदन अदालत सुर्खेतमा परमादेशको रिट निवेदन गरिएको थियो ।

अदालतमा रिट दायर गरिए पछि पनि मुद्धाको अनुसन्धानमा खासै प्रगती भएको थिएन । यस बिचमा अधिकारकर्मी र नेपाल पत्रकार महसंघले समेत मुद्दाको प्रभावकारी अनुसन्धान गर्न माग गरेका थिए ।

जनवरी २०१३ मा बेलायतमा कर्णेल कुमार लामा बिश्वब्यापी क्षेत्राधिकार अन्तरर्गत पक्राउ परे पछि नेपाल प्रहरीले यस मुद्दाका अभियुक्त मध्ये लक्षीराम घर्ति मगर, निरक बहादुर घर्ति मगर, बिर बहादुर केसी (बिरासत), हरिलाल पुन मगर, जय बहादुर शाहीलाई पनि पक्राउ गरि अनुसन्धान प्रक्रिया अगाडी बढाएको थियो । तर पाँच जना अभियुक्तहरुलाई प्रहरीले पक्राउ गरे पछि तत्कालिन प्रधान मन्त्री बाबुराम भट्टराई र महान्यायाधीवक्ता मुक्ति प्रधानले सार्वजनिक रुपमा नै हस्तक्षेप गरि यस मद्दाको अनुसन्धान तुरुन्त रोक्न प्रहरी र सरकारी वकिललाई आदेश दिएका  थिए । द्वन्द्वकालका  मद्दा संक्रमणकालिन न्यायका संयन्त्रले हेर्ने र फौजदारी कानूनको प्रयोगले शान्ति प्रक्रिया बिथोलिने उनीहरुको जिकिर थियो । प्रधानमन्त्री र महान्यायाधिवक्ताको उक्त कार्यले न्यायलाई अवरोध पुर्‍याएको जिकिर सहित सर्वोच्च अदालतमा रिट परेको थियो । उक्त रिट उपर सुनुवाई गर्दै सर्वोच्च अदालतले न्याय सुन्यतामा नरहने भन्दै बन्दै नबनेको संक्रमणकालिन संयन्त्रलाई देखाएर पीडितलाई न्यायबाट बञ्चित गर्न नमिल्ने तर्क सहित यस मुद्दाको प्रक्रिया अगाडी बढाउन आदेश जारी गरेको थियो ।

**Head Office:** P. O. Box No. 21798, Lamtangin Marg, House No: 843/23, Baluwatar, Kathmamndu, Nepal, Phone: 977-1-4425561/4432309, Email:info@advocacyforum.org, URL: www.advocacyforum.org

**Provencial/District Offices :**

Morang (Province -1), Dhanusha Dham (Province -2), Pokhara (Gandaki Province), Bhairahawa and Nepalgunj (Lumbini Province), Surkhet (Karnali Province) and Mahendranagar (Sudurpaschim Province)

वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
*Lawyers forum for human rights and rule of law*

मिति २०७१ साल मंसिर २१ गते अपराधका मुख्य योजनाकार उपस्थित नभए पनि अपराधमा सहयोग पुऱ्याएको आरोपमा जिल्ला अदालत दैलेखबाट प्रतिवादी बिर बहादुर केसीलाई १ बर्ष कैद, प्रतिवादी लक्षीराम घर्ति मगरलाई १ बर्ष ६ महिना कैद, प्रतिवादी निरक बहादुर घर्ति मगर, हरिलाल पुन मगर र जय बहादुर शाहीलाई जनही २ बर्ष कैद सजाय हुने फैसला भएको थियो । पक्राउ परेकाहरु कैद भुक्तान गरेर रिहा भई सकेका छन् ।

दैलेख जिल्ला अदालतको पछिल्लो फैसलाले द्वन्कालिन घटनाका अन्य पीडितहरुमा समेत न्यायको आशा पलाएको छ । द्वन्द्वकालिन घटनाको अनुसन्धान गर्न सत्य स्थापित गर्न, पीडितलाई परिपुरण दिन पीडकलाई कारवाही गर्न भनेर बनाएका दुई आयोगहरु सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता सम्बन्धि छानविन आयोग, राजनीतिक दल र सरकारका कारण निष्क्रिय प्राय: छन् । यी आयोगहरुको काम र क्षेत्राधिकारका बारेमा प्रश्न उठाउदै पीडितहरुले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उक्त रिटमा सुनुवाई गर्दै यी आयोगको कानूनमा भएका कतिपय व्यवस्था नेपालको संबिधान र नेपालको अन्तर्राष्ट्रिय दायित्व अनुकुल नभएकाले संशोधन गर्न पर्ने आदेश सर्वोच्चले जारी गरेको झण्डै सात बर्ष बितिसकेको छ तर राजनीतक दल र सरकारले यो कानूनको संशोधन गरेका छैनन ।
अदालतको आदेश अनुरुप कानून संशोधन नभएसम्म यी आयोगसँग सहकार्य नगर्ने निर्णय संयुक्त राष्ट्र संघ लगायत नेपालका मानव अधिकारकर्मी र पीडित समुदायको रहेको छ । तर यीनै आयोगहरुलाई देखाउदै प्रहरीले पीडितका जाहेरी लिने र द्वन्द्धकालमा यस्ता घटनामा प्रभावकारी अनुसन्धान गर्न इन्कार गर्दै आईरहेको छ ।

कानून संशोधन नगरि पटक पटक आयुक्तहरुको नियुक्ति र निरन्तरताले यी आयोगहरु पीडितको न्याय प्राप्तीका लागी अवरोध बनेको, राज्य कोषको दुरुपयोग भएको पीडित र मानव अधिकारकर्मीको आरोप छ । संक्रमणकालिन न्यायका संरचना प्रभावकारी नबनेसम्म द्वन्द्वकालिन घटनामा नियमित फौजदारी न्याय प्रणाली अवरुद्ध हुदैन भन्ने बलियो सन्देश डेकेन्द्र थापाको मुद्धाले दिएको छ । बेपत्ता सम्बन्धि आयोगले कुनै काम गर्न नसकेकाले पछिल्लो समय बेपत्ताका परिवारले फौजदारी अपराध संहिता अनुसार मुद्धाको अनुसन्धान र कारवाहीका लागी जाहेरी दिएका छन् ।

द्वन्द्धकालका यस्ता घटनामा संक्रमणकालिन न्याय प्रति पीडितको बिश्वास बढाउन पीडितसंगको परामर्शमा सर्वोच्च अदालतको आदेश अनुकुल कानूनको संशोधन गर्न नया कानून अनुसार स्वतन्त्र र बिज्ञ ब्यक्तिहरुलाई आयुक्तमा छानिने वातावरण बनाउन सत्य आयोगले यस्ता घटनामा छानविन गर्न सक्ने सक्षम बनाउन बिशेष अदालत गठन गर्न निकै ढिला भइसकेको छ ।

ओम प्रकाश सेन ठकुरी
कार्यकारी निर्देशक

**Head Office:** P. O. Box No. 21798, Lamtangin Marg, House No: 843/23, Baluwatar, Kathmamndu, Nepal, Phone: 977-1-4425561/4432309, Email:info@advocacyforum.org, URL: www.advocacyforum.org
**Provencial/District Offices :**
Morang (Province -1), Dhanusha Dham (Province -2), Pokhara (Gandaki Province), Bhairahawa and Nepalgunj (Lumbini Province), Surkhet (Karnali Province) and Mahendranagar (Sudurpaschim Province)